का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १८, अंक ९
❒ २४ माघ २०७६, शुक्रबार
❒ 7 February 2020, Friday
www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

# आन्दोलनमा कांग्रेस

## आलतमा मुद्दा दायर भएपछि उपसभापति गच्छदारले अदालतको सम्मान गर्दै कानूनी रूपमा पनि सामना गर्ने र कांग्रेस पार्टी पनि कानूनी प्रक्रिया पालना गर्ने : प्रवक्ता शर्मा

**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ माघ



उपसभापति विजयकुमार गच्छदारलाई फसाइएको भन्दै प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले सडक आन्दोलनको घोषणा गरेको छ । विहीबार पार्टी पदाधिकारी र भ्रातृसंगठनका पदाधिकारी बीच सानेपामा भएको छलफल पश्चात आन्दोलनको घोषणा गरिएको हो ।

ललिता निवास प्रकरणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बुधबार पार्टी उपसभापति गच्छदारमाथि भ्रष्टाचार मुद्दा लगाएपछि कांग्रेस आक्रोशित बनेको छ । अख्तियारको विरोधमा घोषणा गरिएको सडक आन्दोलन अन्तर्गत शुक्रबार दिउँसो १ बजे नेविसंघको नेतृत्वमा माइतीघरमा प्रदर्शन हुने भएको छ । आइतबार नेपाल तरुण दलको नेतृत्वमा दिउँसो १ बजे माइतीघरमै प्रदर्शन गर्ने भएको छफलमा सहभागी नेपाल किसान संघका नेता गणेश तिमिल्सिना जानकारी दिए ।

बैठकमा सहभागी तरुण दलका अध्यक्ष जीतजंग बस्नेतले अख्तियारले बदनियतपूर्ण ढंगले गच्छदारविरुद्ध ललिता निवास प्रकरणमा मुद्दा दायर गरेको विरोधमा सडक आन्दोलन गर्ने निर्णय गरिएको जानकारी दिए । यसअघि बिहान सभापति निवास बुढानिलकण्ठमा बसेको कांग्रेसका वर्तमान र पूर्व पदाधिकारी बैठकले अख्तियारको पछिल्लो कदमविरुद्ध राजनीतिक र कानुनी लडाइँ लड्ने र भातृसंगठनलाइ सडकमा उतार्ने निर्णय गरेको थियो ।

**अख्तियारमा नेकपाको प्रभाव**

कांग्रेसले अख्तियार दुरुपयोग अनुसन्धान आयोग नेपाल कम्युनिष्ट पार्टी (नेकपा) र राज्य शक्तिको प्रभावमा परेको स्पस्ट भएको बताएको छ । कांग्रेस प्रवक्ता विश्वप्रकाश शर्माले बिहीबार पत्रकार सम्मेलन गरी अख्यितायरले राज्य शक्ति र नेकपाको प्रभावमा परेर वदनियत रुपमा कांग्रेस उपसभापति विजयकुमार गच्छदारमाथि बालुवाटार ललिता निवासको जग्गा हिनामिना गरेको आरोपमा मुद्दा चलाएको बताए ।

उनले मन्त्रिपरिषद्ले गरेका निर्णयमा एकजना मन्त्रीलाई मात्र मुद्दा चलाइनुले सरकार आफ्नालाई जोगाउने र अरुलाई फसाउने खेलमा लागेको बताए । उनले संसदीय प्रणालीमा, प्रधानमन्त्रीय प्रणालीमा मन्त्रिपरिषद्बाट भएका कुनै पनि निर्णयको पूर्ण जिम्मेवारी प्रधानमन्त्रीको हुने भए पनि पूर्व प्रधानमन्त्रीहरु माधव कुमार नेपाल र वावुराम भट्टराईलाई उन्मुक्ति दिने र कुनै एकजना मन्त्री, मन्त्रिपरिषद्को निर्णयको भागिदार हुने कुरा आफैंमा वदनियतपूर्ण रहेको समेत बताए ।

उनले नेकपाका वर्तमान महासचिव विष्णु पौडेलका छोरा नविन पौडेलका नाममा समेत जग्गा रहेको सिंगो देशलाई जानकारी हुँदा समेत मुद्दा नचलाइनुले राज्य शक्तिको प्रभावमा अख्तियार रहेको स्पस्ट हुने समेत बताए । उनले भने, 'यो कुरा अरु मुलुकले नपढुन् किनकी जग्गा फिर्ता गरेपछि मुद्दा नलाग्ने भन्ने नेपालले नयाँ नजिर प्रतिस्थापन गरेको छ सबैलाई थाहा थियो की पौडेलका छोरा नवीन पौडेलका नाममा बालुवाटारको जग्गा थियो फिर्ता दिन्छु भनेपछि मुद्दा नलाग्ने कानून पनि कहिं हुन्छ त्यसो भने त कसैले डकैती गऱ्यो र दुई वर्षपछि ब्याजसहित पैसा फिर्ता दिन्छु भन्यो भने जेल पठाउनु परेन ।'

उनले भक्तपुरमा मजदुरी गर्दै आएकी महोत्तरीकी तिलकुमारी खड्का यस्तै केसमा बाँकी पृष्ठ २ मा

# छोराछोरी फर्काउन माग गर्दै मन्त्रालय घेराउ

**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ माघ



कोरोना भाइरस उच्च संक्रमित क्षेत्रबाट छोराछोरी फिर्ता ल्याउन माग गर्दै अभिभावकहरुले स्वास्थ्य मन्त्रालय घेराउ गरेका छन् । चीनको वुहान क्षेत्रबाट आफ्ना छोराछोरीलाई फर्काउन ढिलो गरेको भन्दै वुहानमा रहेका विद्यार्थीका अभिभावकले मन्त्रालय घेराउ गरेका हुन् । बिहीबार दिउँसो स्वास्थ्य मन्त्रालयले पुगेर उनीहरूले आफ्ना छोराछोरीलाई छिटो फर्काउन दबाब दिन मन्त्रालयमा धर्ना दिएका थिए ।

चीनमा रहेका विद्यार्थीका करिब ३० जना अभिभावकले मन्त्रालयमा धर्ना दिए । मन्त्रालयमा धर्ना दिन पुगेकी अभिभावक सोमिला कक्षपतिले आफ्ना आफन्त धेरै दिनसम्म भोकै रहेकाले छिटोभन्दा छिटो नेपाल फर्काइदिन सरकारलाई आग्रह गरिन् । '

### बहिनीले खान नपाएर भोकै भएको भन्दै रुँदै फोन गरेको गरै छ

बहिनीले खान नपाएर भोकै भएको भन्दै रुँदै फोन गरेको गरै छ यस्तो बेला पनि सरकारले आफ्ना नागरिक ल्याउन ढिला गरेको छ ।' उनले भनिन्, 'कोरोना भाइरस प्रभावित वुहान क्षेत्रमा १८० जना नेपालीले उद्धार गरिदिन आग्रह गर्दै बेइजिङस्थित नेपाली दूतावासमा विवरण बुझाए पनि फिर्ता भएका छैनन् । उनीहरुका परिवार पीडामा छन् ।'

यता, सरकारले छिटोभन्दा छिटो वुहान क्षेत्रमा रहेका नेपालीलाई उद्धार गर्ने बताए पनि सम्पूर्ण प्रक्रिया पूरा गर्न अझैं एक हप्ता समय लाग्ने मन्त्रालयले जनाएको छ । सरकारले बाँकी पृष्ठ २ मा

# चल्ने भयो पानी जहाज

**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ माघ



नारायणी नदीमा मिनी पानीजहाज चल्ने भएको छ । मन्त्रिपरिषदले जहान सञ्चालनको बाटो खुल्ला गरेको छ । पानी जहाज सम्बन्धी उद्योग दर्ताको प्रावधान नै नभएपछि सञ्चालनमा देखिएको अवरोध मन्त्रिपरिषदले खुल्ला गरि दिएको हो । सरकारका प्रवक्ता तथा सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुल बाँस्कोटाले जहाज सञ्चालन गर्न बाटो खुल्ला भएको जानकारी दिए । बिहीबार मन्त्रिपरिषदको निर्णय सुनाउँदै उनले औद्योगिक व्यवसाय ऐन, २०७३ को अनुसूची ६ को पर्यटन उद्योगको सूचीमा जलयातायात (क्रुज), जलक्रीडा (वाटर इन्टरटेन्मेन्ट) तथा डुङ्गा सयर (बोटिङ) थप गरिएको जानकारी दिए ।

राइनो वाटर इन्टरटेन्मेन्ट प्रालि कम्पनी दर्ता भए पनि उद्योगका रुपमा दर्ता नभएका कारण नारायणीमा पानीजहाज चलाउन प्रक्रियागत कठिनाइ रहेको थियो । सोही कम्पनीले करिब १५ करोड खर्चेर 'नेपाली क्रुज' तयार गरिसकेको छ । जहाज तयार भएलगत्तै कम्पनी उद्योग विभागमा दर्ताको लागि आएको थियो । तर त्यस्तो प्रकारको उद्योग दर्ताको लागि औद्योगिक व्यवसाय ऐनमा प्रावधान थिएन । त्यसको विकल्पको रुपमा लगानी तथा औद्योगिक प्रवर्द्धन बोर्डले औद्योगिक व्यवसाय बाँकी पृष्ठ २ मा

# आज फोरम नेतृत्वको फैसला

**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ माघ

नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी फोरमको दशौं साधारणसभा शुक्रबार (आज) प्रारम्भ हुँदैछ । नेपाली कांग्रेसको शुभेच्छुक संस्थाको हैसियतमा रहेको फोरमको साधारणसभाको उद्घाटन पूर्व प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले गर्नेछन् ।

**वैदेशिक रोजगार विशेष**

राजधानीको बत्तीसपुतलीस्थित अनुपम फुडल्याण्डमा हुने उद्घाटन समारोहमा पार्टी सभापति देउवासहित संसदीय दलका नेता बालकृष्ण खाँण, पूर्व श्रममन्त्री तथा पार्टी केन्द्रीय सदस्य रमेश लेखक, युवा नेताहरु केन्द्रीय सदस्य सुरेन्द्र पाण्डे, गगन थापा, गुरुराज घिमिरे, सांसद प्रकाश स्नेहीलाई विशेष अतिथि र अतिथि वक्ताका रुपमा आमन्त्रण गरिएको महासचिव तारानाथ अर्यालले जानकारी दिए ।

साधारणसभा उद्घाटन पछि फोरमको आगामी दुई वर्ष कार्यकालका लागि निर्वाचन हुने छ । त्यसका लागि पार्टी प्रतिनिधिका रुपमा खटिएका नेपाली कांग्रेसका केन्द्रीय सदस्य तथा पूर्व श्रम मन्त्री लेखकले सहमतिको प्रयास गर्ने र सहमति नभए मतदानबाट नेतृत्व छान्ने तयारी रहेको छ । पदाधिकारीका आकांक्षीहरुबीच सहमतिको प्रयास भएपनि आकांक्षीहरुले आफ्ना नाममा सहमति गरिनुपर्ने अडान राखेपछि बिहीबार साँझसम्म निर्वाचनको माहोल बनेको थियो ।

सहमति नभए निर्वाचन गराउन फोरमले नेपाल वैदेशिक रोजगार व्यवसायी संघका द्वितीय उपाध्यक्ष कमल देव मल्लको संयोजकत्वमा तीन सदस्यीय निर्वाचन समिति गठन गरेको छ । समितिमा अधिवक्ता सन्देश राजभण्डारी र अधिवक्ता समेत रहेका व्यवसायी त्रिलोकचन्द विश्वास सदस्य तोकिएका छन् । संयोजक मल्लले निर्वाचन गराउनुपर्ने अवस्था उत्पन्न भएमा साधारणसभाको उद्घाटन सत्र लगत्तै प्रक्रिया शुरु गर्ने बताए ।

फोरममा ७ पदाधिकारी र दश कार्यसमिति सदस्य सहित १७ जनाको प्रत्यक्ष निर्वाचन हुने गरेको छ । त्यसका लागि १८ जना व्यवसायी पदाधिकारीहरुका लागि मात्र आकांक्षी देखिएका छन् । उनीहरु समकक्षी भन्दा आफुलाई अब्बल र योग्य सावित गर्दै पद प्राप्तिको दाउपेचमा देखिएका छन् । बिहीबार साँझदेखि नयाँ नयाँ समीकरण बन्न थालेको बताइएको छ ।

पार्टी प्रतिनिधिका रुपमा खटिएका पूर्व मन्त्री लेखकले बुधबार फोरमको नेतृत्वका लागि विभिन्न पदमा बाँकी पृष्ठ २ मा

**Free Visa ! Free Ticket !!**
**Kuwait मा महिलाहरूलाई रोजगारको अवसर**
**Visa आएको १५ दिनमा उडिसक्नु पर्ने छ ।**

कम्पनी: **AL DHAHIYA FOOD SUPPLIES COMPANY WLL., KUWAIT**

पूर्व स्वीकृती मिति २०७५।०२।२० | चलानी नं.६०१३१९१० | LT.No. 230137 | पूर्व स्वीकृती मिति २०७६।१०।२३ | चलानी नं.७६२

| सि. नं. | कामदारको पद | माग संख्या पूरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव KD | मासिक तलव नेरु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WAITRESS | - | 06 | काममा दक्ष | 100 | ३७,३६३।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | छ | २ वर्ष |
| 2 | SHAWARMA COOK | - | 06 | | 125 | ४६,७०४।- | | | | | | | |
| 3 | COOK | - | 01 | | 125 | ४६,७०४।- | | | | | | | |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र प्रिमियम कसले व्यहोर्ने | कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कस्ले व्यहोर्ने | भीषा स्ट्याम्पिङ्ग शुल्क कसले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले दिन | रोजगारदाताले व्यहोर्ने | कामदार आफै | बिमा हुने प्रिमियम रोजगारदाताले | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | कामदार आफैले | रु ७००/- कामदारले | रु १५,००/- कामदारले | रु १०,०००/- कामदारले |

**प्रि अन्तरवार्ता भईरहेको छ । फाइनल अन्तरवार्ता कम्पनीको प्रतिनिधीबाट २०७६ फाल्गुन २ गते (14 Feb., 2020) मेनपावर कार्यालय सिनामगंलमा हुनेछ ।**

**बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी** :- १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला । ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफूसंग राख्नु होला । ६) काममा बिदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला । अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग,बुद्धनगर बानेश्वरमा सम्पर्क राख्नु होला ।

श्रम इजाजत न. ७६८/०६५/०६६

**फोकस नेपाल ओभरसिज प्रा. लि.**
सिनामंगल, काठमाण्डौ, फोन नं.:- ०१-४४७९२९७, ४४८९०२८
मो. नं.: ९८१०३४९०८३, ९८५१०९९४१५, ९८०६०९९३५५
Email: info@focusnepaloverseas. com

**नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी फोरम**
**निर्वाचन समिति २०७६ को**
**अत्यन्त जरूरी सूचना**

**नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी फोरम**को आज मिति २०७६/१०/२४ गते शुक्रबार हुने दशौं साधारणसभा पछिको निर्वाचन सम्बन्धी कार्यक्रममा मतदाता नामावली प्रकाशन, मतदाता नामावली उपर दावी विरोध, मतदाता नामावली उपर परेको उजुरी उपर छानविन, अन्तिम मतदाता नामावली प्रकाशन, उम्मेदवारी दर्ता, उम्मेदवारी उपर दावि विरोध, उम्मेदवारी फिर्ता, उम्मेदवार उपर परेको उजुरी उपर छानविन, उम्मेदवारको अन्तिम नामावली प्रकाशन पश्चात हुने मतदानका लागि मतदाताहरुले नागरिकता वा राहदानी वा सवारी लाइसेन्स वा नेपाल सरकारले जारी गरेको आफ्नो परिचय खुल्ने सरकारी कागजात अनिवार्य रुपमा ल्याउनुहुन अनुरोध गरिन्छ ।

**कमलदेव मल्ल**
प्रमुख निर्वाचन अधिकृत
**निर्वाचन समिति २०७६**
**नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी फोरम**

**हार्दिक निमन्त्रणा**

**आदरणीय व्यवसायीज्यूहरु !**

यस **नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी फोरम**को निर्वाचन सहितको १० औं साधारणसभा नेपाली कांग्रेसका सभापति एवम् पूर्व प्रधानमन्त्री माननीय शेरबहादुर देउवाज्यूको प्रमुख आतिथ्यतामा निम्न मिति, स्थान र समयमा आयोजना हुन गइरहेको सहर्ष जानकारी गराउँदै उक्त ऐतिहासिक साधारणसभालाई सफलता पूर्वक सम्पन्न गराउन यहाँहरुको सक्रिय सहभागिताको लागि हार्दिक निमन्त्रणा गर्दछौं ।

**कार्यक्रम**
प्रमुख अतिथि : माननीय शेरबहादुर देउवा : नेपाली कांग्रेसका सभापति एवम् पूर्व प्रधानमन्त्री
विशिष्ठ अतिथि : माननीय बालकृष्ण खाँड : केन्द्रिय सदस्य ,पूर्व मन्त्री एवम् प्रमुख सचेतक संघीय संसदीय दल नेपाली कांग्रेस ।
अतिथि : माननीय सुरेन्द्रराज पाण्डे : विपक्षी दलका नेता राष्ट्रिय सभा एवम् केन्द्रिय सदस्य नेपाली कांग्रेस ।
अतिथि : माननीय गगन थापा : पूर्व मन्त्री एवम् केन्द्रिय सदस्य नेपाली कांग्रेस ।
अतिथि : श्री रमेश लेखक : पूर्व मन्त्री एवम् केन्द्रिय सदस्य नेपाली कांग्रेस ।
अतिथि : श्री गुरुराज घिमिरे : केन्द्रिय सदस्य नेपाली कांग्रेस ।
अतिथि : माननीय प्रकाश स्नेही नेपाली कांग्रेस ।

स्थान : अनुपम फुडल्याड, गौशाला, काठमाडौं
मिति : २०७६ साल माघ २४ गते शुक्रबार (आज)
समय : बिहान ९:०० बजे

**तारानाथ अर्याल**
महासचिव
**नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी फोरम**
नयाँबानेश्वर, काठमाडौं, फोन न. ०१,४४६६४२८

## आन्दोलनमा...

जेल जानुपरेको उल्लेख गर्दै सत्तामा रहेको पार्टीको कुनै एक नेताको छोरालाई कानून नलाग्ने विषय सामान्य नभई गम्भीर भएको बताए ।

प्रवक्ता शर्माले बिहीबार बिहान सभापति शेरबहादुर देउवाको निवासमा बसेको नेपाली कांग्रेसको बैठकले उपसभापति विजयकुमार गच्छदारमाथि अख्तियारले दर्ता गरेको मुद्दा पूर्वाग्रहपूर्ण र राजनैतीक वदनियतले प्रेरित भएको ठहर गरेको समेत बताए । उनले नेपाली कांग्रेसले बालुवाटारको जग्गा प्रकरण राम्रोसँग गम्भीर भएर अनुसन्धान गरी दोषीलाई कारबाही गर्न माग राख्दै आएको तर बदनियत रुपमा आएका विषयलाई नमान्ने बताए ।

उनले अख्तियारले गहिरो तथ्यमा आधारित भएर अनुसन्धान गरे कांग्रेसले सघाउन तयार रहेको समेत बताए । उनले नेपाली कांग्रेसको नेताको मुद्दाको विषय मात्र नभएर एउटै निर्णयमा प्रधानमन्त्रीले उन्मुक्ती पाउने र एकजना मन्त्रीले कारबाही पाउने तथ्यको खोजि गर्नु स्वभाविक भएको बताए । उनले अदालतमा मुद्दा दायर भएपछि उपसभापति गच्छदारले अदालतको सम्मान गर्दै कानूनी रुपमा पनि सामना गर्ने र कांग्रेस पार्टी पनि कानूनी प्रक्रिया पालना गर्ने भन्दा बाहिर नजाने बताए ।

उनले बालुवाटार जग्गा प्रकरणको गहिरो अनुसन्धानात्मक छानविनको पक्षमा कांग्रेस रहेको बताए । यसबाहेक अन्य सबै अनियमितता, अख्तियार दुरुपयोग र भ्रष्टाचारका प्रकरणहरुको गम्भीर र गहिरो अनुसन्धानको पक्षमा समेत कांग्रेस रहेको उनले बताए ।

## चल्ने...

ऐनमा उक्त व्यवस्था थप गराउने प्रस्ताव गरेको थियो । उक्त प्रस्ताव गत पुस दोस्रो साता उद्योग वणिज्य तथा आपूर्ति मन्त्रालय हुँदै मन्त्रिपरिषद्मा पुगेको थियो । सो प्रस्ताव मन्त्रिपरिषदले पास गरेपछि उक्त 'नेपाली क्रुज' सञ्चालन गन बाटो खुलेको हो ।

यो व्यवस्थापछि अब उक्त प्रकारको उद्योग दर्तामा समस्या नभएको उद्योग विभागले बताएको छ । राइनो वाटर इन्टरटेन्मेन्ट प्रालिले नारायणीमा पानीजहाज चलाउने भन्दै 'नेपाली क्रुज' निर्माण गरेर परीक्षण समेत गरिसकेको छ । यही पुस १४ गते बसेको बोर्ड बैठकले पानीजहाजसम्बन्धी उद्योग समेत सूचीकरण गर्ने गरी त्यससम्बन्धी प्रस्ताव मन्त्रिपरिषदमा पठाउने निर्णय गरेको थियो । राइनो वाटर इन्टरटेन्मेन्ट प्रालिले भने पर्यटकलाई केन्द्रित गरेर सञ्चालन गर्न लागिएको मिनी पानी जहाज पूर्ण रुपले तयारी अवस्थामा राखिसकेको छ । १०० फिट लम्बाइ र २५ फिट चौडाइको पानीजहाजमा दुईवटा इञ्जिन जडान भएको मिनी पानी जहाजको लागि कम्पनीले १५ करोड रुपैयाँ हाराहारीमा लगानी गरिसकेको छ । जहाजभित्र चेन्जिङ रुम, पानी ट्यांकीलगायत राख्ने काम भइरहेको राइनो इन्टरटेन्मेन्टले जनाएको छ ।

जहाजको पहिलो तलामा ९० र दोस्रो तलामा सयजना यात्रु सिट क्षमता रहेको छ । पहिलो तलामा मनोरञ्जन लिने, सुटिङ गर्ने खुला ठाउँ छ । पर्यटकहरुले यो जहाजमा बसेर प्रतिघण्टा ३७ किलोमिटरको वेगमा काभ्रेघाट-देवघाट र देवघाट-गोलाघाट जलयात्रा गर्नसक्ने छन् ।

## आज...

आकांक्षा देखाएका व्यवसायीहरुका धारणा लिएर सहमतिको प्रयास गर्ने बताइएको थियो । तर उम्मेद्वार हरुले आफ्नै नाममा मात्र सहमति हुनुपर्ने अडान राखेपछि सकेसम्म सहमतिमै नेतृत्व छनोट गर्नुपर्नेमा जोड दिएका नेता लेखकले पनि सहमतिका लागि मेहनत नगरेको बताइएको छ ।

फोरमको विधान अनुसार हाल अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्ष, सहकोषाध्यक्ष सहित ७ पदाधिकारी र १४ जना कार्यकारी सदस्यहरु सहित २१ सदस्यीय कार्यसमिति रहने व्यवस्था छ । फोरम कार्यसमितिको मंगलबारको अन्तिम बैठकले फोरमको विधान संशोधन गरी कार्यसमितिमा तृतीय उपाध्यक्ष र सहसचिव गरी दुई पद थप गर्ने निर्णय समेत गरेको छ । ती पदमा विधान संशोधन भएपछि मात्र निर्वाचन गरिने बताइएको छ ।

अध्यक्षका लागि फोरमका पूर्व वरिष्ठ उपाध्यक्ष नरेन्द्र ढकाल, नेपाल वैदेशिक रोजगार संघका पूर्व द्वितीय उपाध्यक्ष भुवनसिं गुरुङ, फोरमका पूर्व वरिष्ठ उपाध्यक्ष ऋषि शर्मा, फोरम सल्लाहकार सिता देवाकोटा, फोरमका पूर्व द्वितीय उपाध्यक्ष देवी काफ्ले सहित पाँच व्यवसायी सक्रिय रहेका छन् । ढकालले आफु अनुभवी रहेको र सबैको सल्लाहमा फोरमलाई अगाडि बढाई अन्य संघ संगठनसँग सहकार्य गरेर वैदेशिक रोजगार क्षेत्रका समस्या समाधान गर्ने बताएका छन् । अध्यक्षका अर्का आकांक्षी शर्माले आफु दोहोर्‍याएर उम्मेद्वार बन्ने र बनाउने मान्यताको विरोधी रहेको र आफुले मात्र सबैलाई मिलाएर फोरम मार्फत संघको नेतृत्वलाई समस्या समाधानमा बल पुर्‍याउने बताए । अध्यक्षकी आकांक्षी देवकोटाले महिला व्यवसायीलाई फोरमको अध्यक्षमा निर्वाचित गरेर ईतिहास कायम गर्ने अवसर रहेको भन्दै आफुले सरकारी तथा गैरसरकारी निकायमा प्रभावकारी भूमिका खेल्न सक्ने दावी गरेकी छन् ।

त्यस्तै गुरुङले आफु संघको गत निर्वाचनमा अध्यक्षको बलियो प्रत्यासी रहँदा रहँदै नेतृत्वबाट फोरमको आगामी नेतृत्व दिने उच्चस्तरमा सहमति गरेको कारण आफु स्वभाविक उम्मेद्वार रहेकोले सहमतिबाट कोहीपनि पछि हट्न नहुने बताए ।

काफ्लेले आफु फोरमको संस्थापक सदस्य, सचिव र वरिष्ठ उपाध्यक्ष र अनुभवी समेत भएकाले अध्यक्षका लागि आफु शसक्त उम्मेद्वार भएकाले सबैले आफुलाई समर्थन गर्नुपर्ने बताए ।

वर्तमान महासचिव अर्यालको नाम शुरुमा अध्यक्षका लागि सार्वजनिक भएको भए पनि उनी वरिष्ठ उपाध्यक्षमा प्रतिश्पर्धा गर्ने बताए । अर्यालले दुई कार्यकाल महासचिवको जिम्मेवारी पूरा गरेका छन् ।

सो पदमा पूर्व महासचिव थीरमणी पौडेल र जनजाति पृष्ठभुमिका रमेश राई प्रतिश्पर्धामा उत्रिएका छन् । राई गत निर्वाचनमा मत बराबरी भएपछि गोला प्रथाको छनोटमा सुजित श्रेष्ठसँग पराजित भएका थिए । उनले संघको निर्वाचनमा प्रथम उपाध्यक्षमा कमल तामाङलाई छोडेर प्यानल निर्माणमा योगदान पुर्‍याएको कारण आफुलाई निर्विरोध रुपमा छोडिनु पर्ने माग गरिरहेका छन् ।

पूर्व महासचिव पौडेलले फोरममा महासचिवको जिम्मेवारी कुशलता पूर्वक सम्पन्न गरेको र गत निर्वाचनमा प्यानल निर्माणका लागि कुनै आकांक्षा नराखेकोले आफुलाई वरिष्ठ उपाध्यक्षको जिम्मेवारी दिइनुपर्ने जिकिर गर्दै आफ्ना नाममा सहमति नभए आफु मतदाता समक्ष जाने तयारीका साथ मैदानमा ओर्लिएको बताए । सहमतिका लागि विगतमा गरेको काम र वैदेशिक रोजगारको क्षेत्रमा आफुले दिनसक्ने योगदानको मतदाताबाट सही मुल्यांकन हुने अपेक्षा गरेको बताए ।

महासचिवका उम्मेद्वारका रुपमा प्रचारमा रहेका व्यवसायी नारायण पराजुलीले आफु उपाध्यक्षमा जान तयार भएको जानकारी दिए । उपाध्यक्षमा जनक खड्का, सोम तामाङ र राजेश गौतमबीच प्रतिश्पर्धा हुने सम्भावना रहेको छ । फोरममा दुई कार्यकाल सदस्य भई कुशलतापूर्वक जिम्मेवारी निभाएको र अनुभवी भएका कारण उक्त पदका लागि आफु सबै भन्दा योग्य रहेको उनको भनाइ थियो ।

महासचिवमा भवानी निरौला, कृष्ण कुमार जैसी र चिरञ्जवी बस्यालबीच प्रतिश्पर्धा हुने देखिएको छ । यद्यपि तीनै जना प्रत्यासीले आफ्ना पक्षमा सहमति जुटाउने प्रयास जारी रहेको बताएका छन् । सचिवमा कमल काफ्ले, प्रकाश वोहरा र भोजराज भुसालले उम्मेद्वारी दिने बताएका छन् । कोषाध्यक्षमा इन्द्र आचार्यको नाम चर्चामा रहेको छ । बिहीबार शैलेस कार्कीले पनि कोषाध्यक्षमा उम्मेद्वारी दिने बताएका छन् । फोरममा सक्रिय जति पदाधिकारीका आकांक्षी देखिएपछि सदस्य पदमा भने खासै आकांक्षी देखिएका छैनन् । नेतृत्वमा आकांक्षीहरुले नेपाली कांग्रेसको जिल्ला राजनीति देखि फोरमलाई दिएको योगदान, निरन्तरता र सक्रियतालाई अगाडि राख्दै प्रतिश्पर्धी भन्दा आफ्नो उम्मेद्वारी प्रभावकारी हुने भन्दै औचित्य स्थापित गर्ने प्रयास गरिरहेका छन् ।

फोरमका तर्फबाट कांग्रेसको महाधिवेशनमा तीन जना व्यवसायीले प्रतिनिधित्व पाउने व्यवस्था रहेको हुँदा कतिपयले शुरुमै अध्यक्षका आकांक्षीलाई महाधिवेशनमा प्रतिनिधि बनाउने प्रतिवद्धता दिएर उम्मेद्वारीको दौडबाट रोक्नुपर्ने सुझाव पनि दिन थालका छन् । त्यसैगरी फोरमले २ सय ७६ व्यवसायीहरुले सदस्यता नवीकरण गरेको बताएको छ ।

## छोराछोरी...

चीनबाट आउन चाहने विद्यार्थी र नागरिकका लागि शिवपुरी, इचंगुनारायण, सूर्यविनायक र खरिपाटीमा गरी चार स्थानमा क्वारेन्टाइन स्थल व्यवस्थित गर्ने तयारी गरे पनि त्यसको सम्पूर्ण तयारी गर्न कम्तिमा एक हप्ता लाग्ने स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जानकारी दिएको छ ।

# पत्रकारले परीक्षा दिनु नपर्ने

**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ माघ

पत्रकारले लाइसेन्स दिनु नपर्ने व्यवस्था गर्दै 'नेपाल मिडिया काउन्सिल विधेयक २०७६' राष्ट्रियसभाबाट पारित भएको छ । यक्त विधेयक लामो समयदेखि विवादित बन्दै आएको थियो । विहीबार राष्ट्रियसभाको विधायन व्यवस्थापन समितिबाट प्रस्ताव भएको पत्रकारहरुले लाइसेन्स लिनुपर्ने व्यवस्था हटाउन माग गर्दै राष्ट्रियसभामा सांसद खिमलाल भट्टराईले प्रस्ताव गरेका थिए ।



विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रमसंख्या ५ को खण्ड 'य' मा रहेको पत्रकारको रुपमा काम गर्न चाहानेका लागि परीक्षा गर्ने व्यवस्था र क्रमसंख्या १५ मा रहेको पत्रकारको लाइसेन्स सम्बन्धि परीक्षा, दर्ता तथा अभिलेख सम्बन्धी व्यवस्था हटाउन सांसद भट्टराईले गरेको प्रस्तावमा अधिकांश सांसदहरुले सहमति जनाएका थिए ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुल बाँस्कोटासमेत उक्त संशोधन प्रस्तावमा सकारात्मक भएपछि लाइसेन्स लिनुपर्ने व्यवस्था हटाउँदै विधेयक पारित भएको हो ।

यसअघि विधेयकमाथिको छलफलमा बोल्दै सांसद कोमल वलीले विश्वकै नेपालको संविधानको प्रतावनामा नै पूर्ण प्रेस स्वतन्त्रता भन्ने कुरा उल्लेख भएको बताए । सरकारले नै पत्रकारीता क्षेत्रलाई प्राथमिकता दिएको उल्ले गर्दै उनले 'पत्रकारीता सांगठनिक र व्यवसायीक हिसाबले आउने आएकाले अभिव्यक्तिलाई परीक्षा भन्नु हुन्न्', बताइन् ।

पत्रकार महासंघले पनि विज्ञप्ती नै जारी गरेर परीक्षा लिने प्रावधानको विरोध गरेकाले यो विषयमा विचार गर्न उनले माग गरिन् । सांसद राधेश्याम अधिकारीले परीक्षाको विषयमा विधायन समिति मै असहमति दर्ता भएको उल्लेख गरेका थिए । 'पत्रकार हुनका लागि परीक्षा लिएर लाइसेन्स लिनुपर्ने भन्ने कुरा जब आयो हामीले त्यो उपयुक्त छैन भनेर भन्यौ । पत्रपत्रिका, रेडियो टिभीमा काम गर्ने पत्रकारहरुको हरेक दिन परीक्षा परीक्षण भइरहेको हुन्छ । परीक्षा लिने प्रावधान हटायो भने अरु विषयमा कुनै आपत्ति छैन्' उनले भने । सांसद रामप्रित पासवानले विधेयक टेबल हुँदा नै धेरै आलोचना भएको भएको भए पनि गहन छलफल भएर धेरै परिमार्जन गरि समृद्ध बनेको बताए । विधेयकमा परीक्षा लिने प्रावधान राखेमा त्यो संविधानको मर्म विरुद्ध हुने भएकाले हटाउने कुरामा समर्थन आफ्नो समर्थन रहेको उनले बताए । विधेयकमा पीडक र पत्रकारबीच बेमेल भयो भने मेलमिलापन गराउने प्रावधान राख्नु राम्रो पक्ष भएको उनले बताए । काउन्सिलको पदाधिकारीहरुमा राष्ट्रियसभाको अध्यक्ष वा प्रतिनिधिसभाको सभामुख अध्यक्ष रहनेगरी सबै दलहरुलाई सहभागि गराउनुपर्ने प्रावधान राख्न उनले माग गरे । समितिमा लाइसेन्स परीक्षा लिने व्यवस्था गर्नुपर्ने संशोधन राखेका सांसद ठगेन्द्र प्रकास पुरीले भने परीक्षा लिने व्यवस्था हटाउने प्रावधानले शरीर, आत्मा र अनुहार लिएर सदनमा प्रवेश गरेको भए पनि शरीर र आत्ममा कायम राखेर अनुहार पुरै परिवर्तन भएको बताए । व्यवसायीक पत्रकारीताका लागि परीक्षाको कुरा आएको उल्लेख गर्दै उनले विगतका कानूनहरु परीमार्जन गर्दै अगाडि बढ्नुपर्छ भन्ने मान्यता आफ्नो रहेको जनाए ।


## Saudi मा रोजगार

१. कम्पनी : SASSAT TRANNSPORT & CONTRACTING COMPANY शहर : SAUDI

पूर्व स्वीकृत मितिः २०७६/१०/२३ चलानी नं.: ६०१५१३१० LT. No.: 232617

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 25 | 0 | स. काममा दक्ष | 1800 | ५४,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी : MARYAM ALI MOHAMMED AL ABDUL AZIZ LAUNDRY शहर : SAUDI

पूर्व स्वीकृत मितिः २०७६/१०/२३ चलानी नं.: ६०१५१३३१ LT. No.: 232610

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ironing Labour | 1 | 0 | स. काममा दक्ष | 1200 | ३६,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन २ गते (14 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले ब्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफु सँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**FAZAL INTERNATIONAL PVT. LTD.**
Gov. Lic. No. 709/064/065
Sinamangal, Kathmandu Tel: 4481208, 4481209, Fax: 4481210



## कतारमा रोजगारको अवसर

कम्पनीः CAIRO RESTURANT शहर : DOHA

पूर्व स्वीकृत मितिः २०७६/१०/२३ चलानी नं.: ६०१५१२८३ LT. No.: 232279

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen.clean Worker | 2 | 0 | स. काममा दक्ष | 1200 | ३७?४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन २ गते (14 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले ब्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Vision & Value Overseas Pvt. Ltd.**
License No.: 822|066|067
GPO Box: 7764, Samakhushi, Townplanning, Kathmandu
Tel: 4358395, 4359043, 4390696, Fax: 4387582
Mob.: 9851044323, 9846035174, 9851055165
Email: applyvnvjobs@gmail.com | URL: vnvjobs.com



## Qatar मा रोजगारको अवसर

१.कम्पनीः- AL MUNAJER GENERAL CONTRACTING WLL, Doha, Qatar

पूर्व स्वीकृति मिति २०७६।१०।१० चलानी नम्वरः-६०१५०५३१ Lt No: 231661

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्युनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Rainforce fitter | 06 | - | स.काममा दक्ष | 1200 | ३७,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Plumber | 02 | - | | 1200 | ३७,४५० | | | | | | | |
| 3. | Technician | 06 | - | | 1200 | ३७,४५० | | | | | | | |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | नि:शुल्क | नि:शुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १,०००।- | रु. १०,०००।- |

फाइनल अन्तर्वार्ता २०७६ फाल्गुन ०२ गते (14 Feb., 2020) मेनपावर कार्यालय तिनकुनेमा हुनेछ ।

बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :- १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला । ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफूसंग राख्नु होला । ६) काममा बिदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला । अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग,तिनकुनेमा सम्पर्क राख्नु होला ।

**ब्रोडलिंक ओभरसिज प्रा. लि.**
श्रम इजाजत नं. ९०७/०६७/६८
तिनकुने, काठमाण्डौं, फोन नं. ५१९९३७८
फ्याक्सः- ५१९९३७८, Email: broadlink907@gmail.com



## साउदीमा रोजगार

कम्पनी : CLOTH WASHING LAUNDRY BASKET शहरः SAUDI

पूर्व स्वीकृत मितिः २०७६/१०/२३ चलानी नं.: ६०१५१३२४ L.T. No.: 232614

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Washing and ironing labor | 8 | 0 | स. काममा दक्ष | 1000 | ३०,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा फागुन २ गते (14 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले ब्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Fast Employment Service (P.) Ltd.**
Gov. Lic No. 1399/074/075
Kupondole, Opposite Hotel Himalaya, Lalitpur, Nepal
Tel: 5180421, 5180431, Fax: 5180431, Email: fastemployment1399@gmail.com



## Kuwait मा रोजगार

कम्पनीः RECRUITMENT FOR GENERAL TRADING COMPANY W.L.L. शहर : KUWAIT

पूर्व स्वीकृत मितिः २०७६/१०/२३ चलानी नं.: ६०१५१३२२ L.T. No.: 232297

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Sales | 30 | 30 | स. काममा दक्ष | 120 | ४४,८३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले ब्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन २ र ३ गते (14 & 15 Feb. 2020) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**STARIS HR SERVICES PVT. LTD.**
(TRANS ASIA INTERNATIONAL PVT LTD)
श्रम इजाजत नं. १३२४/०७४/०७५
Samakhusi-26, Kathmandu, Tel.: 014365203, Mob.: 9841669779, 9801139394, 9821325604, 9802078705, 9847904617, 9802909595, 9841457648



## भूल सुधार

मिति २०७६/१०/२३ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित SAUDI ARABIA मा रोजगार शिर्षक, LT. No.: 232257LT. र No.: 232255 को विज्ञापनमा अन्तर्वार्ता मेनपावर कार्यालय थसीखेल ललितपुरमा फागुन १ गते (13 Feb. 2020) मा हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

**साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा.लि.**
ताच्चिखेल-१४, महालक्ष्मीस्थान चोक ललितपुर
फोनः ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९
E-mail : nepal@soundlinesgroup.com
श्रम इजाजत पत्र नं.: ५७२/०६२/०६३



## मोटरसाइकल हराएको सूचना

मिति २०७६/०९/२५ गते अ. १४:०० बजेको गोकर्णेश्वरस्थित जम्बो डाँडामा पार्किङ गरी राखेको स्थानबाट लु ५८ प ८३८१ नम्बरको कालो/रातो कलरको २२० सीसी पल्सर मोटरसाईकल हराएकोले फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा मेरो निम्न ठेगानामा सम्पर्क गरी बुझाई दिनु भएमा उचित पुरस्कार दिनेछु ।

सवारी धनी : पासाङ नाम्गेल घिसिङ
च्यासिस नं: MD2A13EY3KCH94413
इन्जीन नं : DKYCKH54430
सम्पर्क : ९८४१५७३४६६, ९८४३६४८६७७



## फ्रि भिषा ! फ्रि टिकट ! सहित मलेशियामा रोजगार

कम्पनी : SHOWERTEC INDUSTRIES SDN.BHD. शहरः SELANGOR

पुर्व स्वीकृत मितिः २०७६/१०/१३ चलानी नं.: ६०१५०६०२ L.T. No.: 231544

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 5 | 0 | स. काममा दक्ष | 1200 | ३३,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन २ गते (14 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Reaz And Farah Employment Services Pvt. Ltd.**
Gov. Lic. No. 1008/068/069
G.P.O. Box No.: 8925, Basundhara-8, Kathmandu, Tel 01-5903860, 5903387
Mob.: 9842405397, E-mail : reazandfarah@gmail.com



## कतारमा रोजगारको अवसर

कम्पनीः ODA HOSPITALITY & CLEANING शहरः QATAR

पूर्व स्वीकृत मितिः २०७६/१०/०७ चलानी नं.: ६०१५०२६९ L.T. No.: 231277

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ground Steward (Female) | 0 | 10 | सम्बन्धित काममा दक्ष | 1400 | ४३,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | manager (female) | 0 | 1 | | 5700 | १७७,६१० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन २ गते (14 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले ब्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**LEADER OVERSEAS PVT. LTD.**
Gov. Lic No. 1408/074/075
Samakhushi-26, Kathmandu, Nepal, Tel: +977- 1- 4021221
Mob.: 9847990386, 9851138025, 9841179700, Email: leaderoverseas2018@gmail.com



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७४/०४/२९ मा दर्ता भएको **प्रा.लि. नं. १७२९९४** को **सन वेज प्रोडक्सन प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७६/१०/२३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ क बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।




नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७५/०४/२२ मा दर्ता भएको **प्रा.लि. नं. १९५२२९** को **ग्राण्ड नेपाल एग्रो मेसिनरी एंड स्टेट प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्न बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।

# 'अख्तियारको नियत नै खराब'



**काठमाडौं/मस-** पूर्व प्रधानमन्त्री बाबुराम भट्टराईले ललिता निवास प्रकरण छानविनमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको नियत खराब देखिएको प्रतिक्रिया दिएका छन् । प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसको अवरोधका कारण बिहीबारको प्रतिनिधिसभाको बैठक स्थगित भएपछि संघीय ससंद भवन परिसरमा संचारकर्मीलाई संक्षिप्त प्रतिक्रिया दिँदै उनले अख्तियारको छानविन प्रक्रिया प्रति असन्तुष्टि जनाएका हुन् ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग गठन प्रक्रियामा नै त्रुटी रहेको र भागवण्डाका आधारमा जानेहरुले निश्पक्ष अनुसन्धान गर्न नसक्ने तर्क उनले गरे । जग्गा फिर्ता गर्छु भनेकाले मुद्दा नचलाइएको भन्ने सन्दर्भमा उनले 'कसैले चोऱ्यो म फिर्ता गर्छु भनेर छाड्न हुन्छ ?' भनी प्रश्न गरे ।

उनले भने, 'अख्तियार दुरुपयोग अनुसन्धान आयोग गठन प्रक्रिया नै त्रुटीपुर्ण छ । कर्मचारी मध्येबाट भागवण्डामा मान्छे नियुक्त हुन्छन् । उनीहरु निश्पक्ष ढंगले अनुसन्धान गरी मुद्दा चलाउन पनि सक्दैनन् । हाम्रा ऐन कानुन यति प्रक्रियामुखी छन् कि परिणाममा जानु भन्दा नि प्रक्रिया पुऱ्याउदै गएर परिबन्धले साधु र कुनै गल्ती नगरेको मान्छे फस्ने र जसले बद्मासी गरेको छ त्यसले प्रक्रिया पूरा गरेर उम्कने । यस्तो नियम कानुनको पनि समस्या छ । ललिता निवास प्रकरणमा नियत खराब जस्तो पनि देखिन्छ । केही मान्छेले मुक्ति पाउने, कसैले चोऱ्यो, म फिर्ता गर्छु भनेर पछि छोड्नुहुन्छ ?'

त्यसैगरी नेपाली कांग्रेसका संसदीय दलका प्रमुख सचेतक बालकृष्ण खाँणले राजनीतिक पुर्वाग्रहयुक्त अख्तियारको कदम विरुद्ध जनता समक्ष जानुको साथै कानूनी रुपमा पनि अघि बढ्ने बताए । मन्त्रीपरिषद्का निर्णयहरु प्रधानमन्त्रीको स्वीकृतिमा नै पारित हुने भएकाले विभागीय मन्त्री मात्रै ती निर्णयको जवाफदेही नभई प्रधानमन्त्री स्वयं हुने भन्दै उनले प्रधानमन्त्रीलाई उन्मुक्ति दिएर विभागीय मन्त्रीलाई मात्रै मुद्दा दर्ता गर्नुले राजनीतिक पुर्वाग्रह देखिएको बताए ।

उनले भने, 'मन्त्रीपरिषद्का निर्णयहरु प्रधानमन्त्रीको स्वीकृतिमा नै पारित हुन्छन् । प्रधानमन्त्रीलाई उन्मुक्ति दिईएको छ । तर मन्त्रीलाई मुद्दा चलाइएको छ । जमिन प्राप्त गरेकालाई उनले जग्गा फिर्ता गरे त्यसकारण उनलाई मुद्दा लगाइएन भनेको छ । त्यसकारण पुर्वाग्रहयुक्त छ भन्ने ठहर छ । यसविरुद्ध जनता समक्ष जान्छौं । कानुनी रुपमा पनि जान्छौ ।'

# चीनबाट ल्याइएका विद्यार्थीलाई चार ठाउँमा राखिने



**काठमाडौं/मस-** प्रधानमन्त्री केपी शर्मा ओलीले चीनको वुहान प्रान्तमा रहेका नेपाली विद्यार्थी र नागरिकलाई चार स्थानमा राख्न निर्देशन दिएका छन् । प्रधानमन्त्री निवास बालुवाटारमा बिहीबार भएको विशेष बैठकमा प्रधानमन्त्री ओलीले सम्बन्धित निकायलाई शिवपुरी, इचंगुनारायण, सूर्यविनायक र खरिपाटीमा रहेका क्वारेन्टाइन स्थल व्यवस्थित गरी राख्न निर्देशन दिएको उनका प्रेस सल्लाहकार सूर्य थापाले जानकारी दिए । उनीहरुलाई १४ दिनसम्म अलग-अलग रुपमा ती ठाउँहरुमा राखिने जनाइएको छ ।

प्रधानमन्त्री ओलीले चीनबाट ल्याउनुपर्ने विद्यार्थी एवं नागरिकलाई यहाँ ल्याई गरिने उपचार तथा क्वारेन्टाइन अवधिको तयारीमा अविलम्ब जुट्न र सम्पूर्ण कार्य योजनाबद्धरूपमा सम्पन्न गर्न ध्यानाकर्षण गरेका छन् । प्रेस सल्लाहकार थापाका अनुसार प्रधानमन्त्री ओलीले कोरोना भाइरसको संक्रमणको खतरालाई मध्यनजर गरी नागरिकको स्वास्थ्य र सुरक्षाका निम्ती निर्धारित कार्ययोजनाअनुरूप सम्पूर्ण तयारीमा जुट्न सम्बद्ध मन्त्रालय र निकायलाई निर्देशन दिएका हुन् ।

बैठकमा उपप्रधान तथा रक्षामन्त्री ईश्वर पोखरेल, गृहमन्त्री रामबहादुर थापा, परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवाली, स्वास्थ्य तथा जनसंख्यामन्त्री भानुभक्त ढकाल र संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेशकुमार भट्टराई, मुख्यसचिव लोकदर्शन रेग्मी र सम्बद्ध मन्त्रालयका सचिव, सुरक्षा अधिकारी उपस्थित थिए ।

चीनमा कोरोना भाइरसको संक्रमण फैलिएपछि त्यहाँका १८० नेपाली विद्यार्थीले स्वदेश फर्किन चीनस्थित नेपाली दूतावासमा निवेदन दिइसकेका छन् । सरकारले निवेदन दिएका विद्यार्थीलाई चाँडै नै नेपाल ल्याउनका लागि पहल गरिरहेको छ । चीनबाट आउँदा चीनको विमानस्थलमा स्वास्थ्य परीक्षण हुने, त्यहाँबाट नेपाल आउने यात्रुको त्रिभुवन अन्तर राष्ट्रिय विमानस्थलमा स्वास्थ्य परीक्षण गरी संक्रमित यात्रुलाई उपत्यकाको ती चार स्थानको 'आइसोलेशन वार्ड'मा राखी उपचार गरिने स्वास्थ्य मन्त्रालयका प्रवक्ता महेन्द्रप्रसाद श्रेष्ठले जानकारी दिए । संक्रमितबाहेक अन्यलाई दुई हप्ता निगरानीका लागि छुट्टै स्थान (क्वारेन्टइन) मा राखिनेछ ।

बैठकमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव नारायणप्रसाद बिडारीले अत्यावश्यक कार्ययोजना प्रस्तुत गरे । परराष्ट्र सचिव शंकरदास बैरागीले पछिल्लो अवस्थाका बारेमा बैठकमा प्रधानमन्त्री र मन्त्रीलाई जानकारी गराएका थिए । प्रधानमन्त्रीका प्रेस सल्लाहकार थापाका अनुसार नेपालले एक लाख संख्यामा 'प्रोटेक्टिभ मास्क' चीन सरकारलाई सहयोग उपलब्ध गराउने निर्णय पनि गरिएको छ ।

# सवारी दुर्घटनामा दैनिक ६ को मृत्यु




**राजेश्वरी कार्की/मध्यान्ह**
काठमाडौं, २३ माघ

पछिल्लो समय सवारी दुर्घटनाका कारण मृत्यु हुनेको संख्या दिनप्रति दिन बढ्दै गएको छ । विश्व स्वास्थ्य संगठनको प्रतिवेदनले पनि नेपालमा मानिसको मृत्युको प्रमुख चौथो कारणको रुपमा सडक दुर्घटनालाई देखाएको छ । बर्षेनी नेपालमा ज्यान गुमाउने मध्ये ७ प्रतिशत मानिसको सडक दुर्घटनाबाट मुत्यु हुने गरेको तथ्यांकले देखाएको छ । यस्तै, नेपालमा दुर्घटनाबाट दैनिक औसतमा ६ जनाले ज्यान गुमाउने गरेको तथ्यांकले देखाएको छ ।

चालु आर्थिक वर्षको पुस मसान्त सम्ममा चार हजार १ सय ७१ सवारी साधन दुर्घटनामा परेका छन् । जसमा आधा भन्दा धेरै मोटरसाइकल रहेको प्रहरीको तथ्यांकमा उल्लेख छ ।

यस चालु आ.व.को पुस मसान्तसम्म सवारी दुर्घटनामा परी ५९ जनाको मृत्यु भएको छ भने १ सय ५ जना गम्भीर घाइते र २ हजार ९ सय ६६ जना साधारण घाइते भएको तथ्यांकमा उल्लेख छ ।

चालु आ.व.को पुस मसान्तसम्ममा सबैभन्दा बढी मोटरसाइकल तथा स्कुटर दुर्घटना भएका छन् । सो अवधिमा ४ हजार ४१९ मोटरसाइकल तथा स्कुटर दुर्घटना भएका छन् । यस्तै दुर्घटनामा पर्ने कार, जीप, भ्यानको संख्या २ हजार ६ सय ८८ रहेको छ ।

ट्राफिक प्रहरीको तथ्यांकअनुसार चालकको लापरवाहीका कारण ३ हजार ७ सय १३, तीव्र गतिका कारण १ सय ९७, मादक पदार्थ सेवन गरेका कारण २ सय, यान्त्रिक गडबढीका कारण १९, ओभरटेकका कारण ३०, पैदलयात्रुको लापरबाहीका कारण १, सडकको अवस्थाका कारण १० र अन्य (मौसम र चौपाय) का कारण १ सडक दुर्घटना भएका थिए ।

चालु आ.व.को पुस मसान्तसम्मा ९ सय ६८ बस, ५ सय ९५ ट्रक, १ सय ३३ माइक्रो, ५८ वटा टेम्पो, टयाक्टर र ५४ वटा शारीरिक शक्तिबाट चल्ने सवारी साधन दुर्घटनामा परेका छन् । ठूलाभन्दा साना सवारीसाधन बढी दुर्घटनामा पर्ने गरेको तथ्यांकले देखाएको छ । तर ठूला सवारीसाधन दुर्घटना हुदाँ धेरै मानवीय क्षती हुने गरेको छ । महाशाखाका अनुसार चालु आ.व.को पुस मसान्तसम्मको सवारी दुर्घटनाको तथ्यांक हेर्दा सबैभन्दा बढी दुर्घटना सवारी चालकको लापरवाहीका कारण नै हुने गरेको देखिन्छ ।

यस्तै, आ.व २०६८, ६७ देखि चालू आर्थिक वर्षको पुस मसान्त सम्मको अवधिमा दुर्घटना सवारी चालकको लापरवाहीले भएको ट्राफिक महाशाखाको तथ्यांकले देखाउँछ । आव २०६९/७० मा ४ हजार ७ सय ७० मध्ये ३ हजार ७ सय ७०, २०७०/७२ मा ४ हजार ६ सय ७२ मध्ये ४ हजार ५६, २०७१/७२ मा ४ हजार ९ सय ९९ मध्ये ४ हजार ५ सय ४२, २०७२/७३ मा ५ हजार ६ सय ६८ मध्ये ५ हजार २ सय ८१, २०७३/७४ मा ५ हजार ५ सय ३० मध्ये ५ हजार २ सय ५ र २०७४/७५ मा ६ हजार ३ सय ८१ मध्ये ५ हजार ९ सय ६१ दुर्घटना चालकको लापरवाहीले भएको ट्राफिक महाशाखाको अध्ययनले देखाएको छ ।

# लागूऔषध कारोवारी महाअपराधी : आईजीपी खनाल



**रूपन्देही/मस-** प्रहरी महानिरीक्षक (आईजीपी) सर्वेन्द्र खनालले लागूऔषध कारोबारीहरू महाअपराधी भएको बताएका छन् । प्रहरी र बुटवल उपमहानगरपालिकाको सहकार्यमा सञ्चालन हुन लागेको लागूऔषध प्रयोगकर्तालगायत लागि कानुनी तथा मनोसामाजिक निःशुल्क परामर्श केन्द्र उद्‌घाटन कार्यक्रममा खनालले यस्तो बताएका हुन् । खनालले लागूऔषधको समस्याले विकराल रूप लिइरहेको अवस्थामा समुदाय-प्रहरी साझेदारीको अवधारणाअनुरूप नेपाल प्रहरीले स्थानीय तहसँग सहकार्य गरी विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको बताए । विगत १५ वर्षे इतिहासमा सबैभन्दा धेरै लागूऔषध बरामद तथा संलग्न व्यक्तिहरू पक्राउ गर्न सफल भएको खनालको दाबी छ । कानुन कार्यान्वय गर्ने क्रममा सबै निकायहरू निर्भिक भएर काम गर्नुपर्नेमा जोड दिँदै प्रहरी खनालले सूचना संयन्त्रलाई मार्ग प्रशस्त गर्न प्रहरी र जनताबीच सार्वजनिक सुनुवाइको माध्यमबाट अपराधलाई न्यूनीकरण गर्नेतर्फ अगाडि बढ्नुपर्ने बताए ।

## लागूऔषध सहित ६ जना पक्राउ

**बसन्ती कंडेल/मध्यान्ह**
नवलपुर, २३ माघ

नवलपुरको विभिन्न स्थानबाट लागूऔषध सहित ६ जना पक्राउ परेका छन् । प्रहरीले देवचुली १५ प्रगतीनगर स्थित धौलागिरि चोक र डण्डामा चेकजाँच गर्ने क्रममा लागूऔषध सहित उनिहरुलाई पक्राउ गरेको हो । पक्राउ पर्नेहरुमा कास्की पोखरा महानगरपालिका वडा नम्बर ३ वस्ने सुमित सिल्पकार, सोही स्थानका अमन शाही र अनिल भन्ने हिरा बहादुर घले, गोर्खा पालुङटार वस्ने दिपक गैरे, तनहुँ व्यास नगरपालिका वडा नं.१० दमौली वस्ने रितेश सिलवाल र मध्यबिन्दु नगरपालिका वडा नं. ७ बस्ने वर्षे अनुष थापा रहेका छन् ।

पक्राउ गरिएका मध्ये थापालाई डण्डाबाट पक्राउ गरिएको हो । प्रहरीले उनीहरुको साथबाट २ एम एल दरको लागूऔषध नुफिन ७६ एम्पुल, फेनारागन ७६ एम्पुल, डाईजापाम ७६ एम्पुल बरामद गरेको छ । यसैगरि २ एम एल दरको लागूऔषध नुफिन १७२ एम्पुल, फेनारागन १७२ एम्पुल र डाईजापाम १७२ एम्पुल र ४२८ ग्राम गाँजा लागु औषध बरामद गरेको छ ।

# बलात्कार आरोपपछि पूर्वडीएसपी खिउजु फरार

**काठमाडौं/२३ मस-** नेपाल प्रहरीबाट स्वेच्छिक अवकाश लिएका प्रहरी नायव उपरीक्षक (डीएसपी) राजकुमार खिउजुलाई पक्राउ गर्न प्रहरीले अनुमति पाएको छ । जबरजस्ती करणी सम्बन्धी कसूरमा अनुसन्धानका लागि खिउजुलाई पक्राउ गर्न अदालतले अनुमति दिएको हो ।

जिल्ला अदालत, ललितपुरबाट अनुमति प्राप्त भएसँगै खिउजुको खोजी जारी राखिएको ललितपुर प्रहरी परिसर, जावलाखेलले जनाएको छ । खिउजु अहिले फरार छन् । दुई दिनदेखि उनको मोबाइल समेत 'स्वीच अफ' छ ।


यसअघि बुधबार साँझ ललितपुर महांकालकी २१ वर्षीया युवतीले खिउजुविरुद्ध ललितपुर प्रहरी परिसर, जावलाखेलमा किटानी जाहेरी दिएकी थिइन् । लगत्तै उनको पाटन अस्पतालमा स्वास्थ्य परीक्षण गरिएको थियो ।

प्रहरी रिपोर्ट बनाउनका लागि ३० माघ २०७५ मा महानगरीय प्रहरी वृत्त, चापागाउँ पुगेका बेला सहयोग गर्ने बाहनामा आफूलाई एक्लै बनाएर कार्यकक्षमै जबर जस्ती गरेको पीडित युवतीको दाबी छ । त्यसयता पटकपटक खिउजुले बलात्कार गर्दै आएको पीडितको दाबी छ ।

यो घटनालाई लिएर पीडित युवती विभिन्न प्रहरी उच्च अधिकारसम्म पुगेपछि खिउजुले डेढ महिनाअघि घरायसी कारण देखाउँदै राजीनामा दिएका थिए ।

हालै मात्र बलात्कार आरोपमा संघीय प्रहरी इकाइ कार्यालय धरानका एसएसपी सौरभ राणाले प्रहरीमा आत्मसमर्पण गरेका थिए ।

# उठेन वडाध्यक्षको शव



**अछाम/मस-** अछामको पञ्चदेवल विनायक नगरपालिका-२ का वडाध्यक्ष पद्मबहादुर धामीको शव फेलापरेको तीन दिन भइसक्दा परीक्षण हुन सकेको छैन । धामीको २१ गते बिहान गैरीगाउँस्थित गोठछानामा शव फेला परेको थियो ।

हत्याराको पत्ता नलागेसम्म शव उठाउन नदिने आफन्तको अडानका कारण शवको परीक्षण हुन नसकेको हो । 'घटनाको मुचुल्का बनाएर शव परीक्षण गरी थप अनुसन्धान अगाडि बढाउने विषयमा छलफल भइरहेको छ,' जिल्ला प्रहरी कार्यालय अछामका प्रहरी निरीक्षक रमेशदत्त अवस्थीले भने, 'अहिले पनि नगर प्रमुख, उपप्रमुख, पीडित पक्षसहित स्थानीय अगुवाको टोली छलफलमा छ ।'

बुधबार बिहानदेखि नै स्थानीयवासी घटनाको सत्यतथ्य छानविन र दोषी पत्ता लगाउन माग गर्दै आन्दोलन गरिरहेका छन् । आन्दोलन रोकेर शव परीक्षण गरी अनुसन्धान अघि बढाउने विषयमा पटकपटक छलफल चले पनि निष्कर्ष निस्किएको छैन ।

हत्याको विरोधमा बुधबार बिहानैदेखि विनायकबजार पूर्णरुपमा बन्द रहेको छ भने बुधबार पनि विनायकमा प्रदर्शन भयो । प्रदर्शनका कारण मध्यपहाडी लोकमार्गमा सवारी आवागमन बन्द भएको छ । आफन्तले हत्यारा पत्ता लगाउन प्रहरी प्रशासनले ढिलाइ गरेको भन्दै आज पनि विनायक बजार बन्द गरेका हुन् ।

प्रहरीले सिआइबीको विशेष टोली, तालीमप्राप्त कुकुर परिचालन र फोन कल रेकर्डिङका माध्यमबाट अनुसन्धान गरिरहेको प्रहरी प्रवक्ता अवस्थीले जानकारी दिए ।


तालिमको सुवर्ण अवसर

Star Level को होटेल तालिम गर्नु गराउनु परेमा HILTON ACADEMY लाई सम्झनुहोस BHM गरि star hotel को अनुभवी Professional Chef द्वारा तालिम दिइने ।

हाम्रो सेवाहरु: ❖Cook ❖Food & Beverage Service ❖Housekeeping ❖Coffee Maker ❖Bartender ❖Cashier ❖Front Office ❖Room Attendant ❖Bell Boy ❖Domestic Helper ❖Cleaner ❖Baby Siter ❖Care Giver ❖Montessori

तालिम को साथ Japanese, Korean, English, French, Hibru भाषा पढाईन्छ । मेनपावर कम्पनीहरुलाई विशेष छुटको व्यवस्था छ ।

HILTON ACADEMY PVT. LTD.
(Hotel Management & Culinary Arts)
Basundhara Chowk (Near Ishan Ball Hospital)
Kathmandu, Tel:01-4351313, 4355747 h/p 9823643528
email: hiltonhma@gmail.com



होटल तालिम !

मेनपावरहरुले हस्पिटालिटीको अन्तर्वार्ता र ट्रेड टेस्टको लागि पनि सम्पर्क गर्न सक्नुहुनेछ ।

Get your skill for your future carrier



✔ HK
Cleaners/House Keeping/ Laundry man, Room boy

✔ KITCHEN
Kitchen Helper/ Kitchen Stewards
Indian, Chinese, Continental, Arabic, Japanese, Thai Cook

✔ F&B
Waiter/Waitress, Hostess/Service Crew/ Cashier/Barista.

✔ FRONT DESK, RECEPTION

रोजगारी पनि भविष्य पनि
- स्वदेशमै होस कि विदेशमा
- स्वरोजगार वा वैदेशिक रोजगार
- तपाईं सीप सिक्नुहोस्
- अवसर र उपाय हामी खोजी दिन्छौं ।

NICHOLAS HOSPITALITY SERVICES (P).LTD
Hotel Management Institute

Tokha-10, Gongabu, Kathmandu ☎ 01-4387681, 9851019169
info@nicholaspitality.com, nicholas.hospitality2019@gmail.com



राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकट छिटो, छरितो सेवाको लागि हामीलाई सम्झनुहोस् ।

कस्मो नेपाल ट्राभल एण्ड टुर्स प्रा. लि.



Cosmo Nepal Travel And Tours (P.) Ltd.

G.P.O. Box No.: 6012, Gairidhara-2, Naxal, Kathmandu, Nepal, Tel.: 977-1-4432368, 4439190, Mob.: Shyam KC 9851108449
Nabin Kafle 9801091701, 9841917001, Sachin Pandey 9801017077, 9851017077, Email: cosmonepal2012@yahoo.com, Website: www.cosmonepal.com

## सम्पादकीय

# राजनीतिकरण रोक

ललितानिवासको जग्गा अनियमितता प्रकरणमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले पूर्व तीन मन्त्री सहित १७५ जना विरूद्ध मुद्दा दर्ता गरेपछि राष्ट्रिय राजनीति तरंगित बनेको छ । विशेषगरी प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसले अख्तियारको कदमलाई विरोध जनाएको छ । बुधबार विशेष अदालतमा मुद्दा दायर भए पछि बिहीबार बिहानै सभापति शेरबहादुर देउवा निवास बालुवाटारमा काँग्रेसका शीर्ष नेताहरू सहित पदाधिकारी बैठक बस्यो । बैठकको निर्णयअनुसार, काँग्रेसले प्रतिनिधिसभा बैठक अवरूद्ध गरेको छ ।

काँग्रेसको अवरोध पछि शुक्रबार दिउँसो एक बजे सम्मका लागि बैठक स्थगित भएको छ । काँग्रेसले आपत्ति जनाउनुको प्रमुख कारण भने पार्टी उपसभापति एवम् संसदीय दलका उपनेता बिजयकुमार गच्छदार विरूद्ध अख्तियारले मुद्दा चलाउनु हो । काँग्रेसले गच्छदारलाई प्रतिशोध साध्दै मुद्दा चलाइएको निष्कर्ष निकालेको छ । गच्छदारलाई मुद्दा चलाइएकोमा काँग्रेसले राजनीतिक तथा कानूनी रूपमा दबाव सिर्जना गर्ने निर्णय गरेको छ । बिहान पार्टी बैठक, दिउँसो संसद अवरूद्ध र साँझ पार्टी केन्द्रीय कार्यालय सानेपामा काँग्रेसले पत्रकार सम्मेलन गर्दै एउटै निष्कर्ष निकालेको छ– सरकारले प्रतिशोधपूर्ण निर्णय गरेको छ ।

मुद्दा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले दायर गरेको हो । तर, काँग्रेसले अख्तियारलाई सरकारले गलत प्रभाव पारेको निष्कर्ष निकाल्दै सत्तारूढ दल नेपाल कम्युनिष्ट पार्टी (नेकपा) प्रति आपत्ति जनाएको छ । प्रमुख प्रतिपक्षी दलको आपत्ति पछि ललिता निवास प्रकरणले राम्रै चर्चा र बहस सिर्जना गर्ने देखिएको छ । काँग्रेसले नेकपाका महासचिव बिष्णुप्रसाद पौडेलका छोरा नबिनलाई जग्गा फिर्ता गर्ने भनेपछि छोड्ने अनि पूर्व प्रधानमन्त्री माधवकुमार नेपाल नेतृत्वको मन्त्रिपरिषदका सदस्य गच्छदारलाई मुद्दा चलाइनुलाई प्रतिशोध भनेको छ । अख्तियारले पूर्व प्रधानमन्त्री नेपाल र बाबुराम भट्टराईलाई मन्त्रिपरिषदको नीतिगत निर्णयको नाममा छोड्ने तर, गच्छदारलाई फसाउने प्रयास गरिएको काँग्रेसले तर्क गरेको छ ।

यदि काँग्रेसले भनेजस्तो गच्छदार फसाउने प्रयास निर्णय भएको हो भने यो साह्रै आना गलत भयो । यसले राजनीति नै प्रदुषित भएर जानेछ । होइन, गच्छदार दोषी नै हुन् तर, नेकपाले आफ्नो नेता जोगाउने प्रपञ्च गरेका हुन् भने पनि गलत हो । तथ्य भनेको ललितानिवासको जग्गा हिनामिना भएको छ, र यसका दोषी कार्बाहीको कठघरामा उभिनुपर्छ । भ्रष्टाचारजस्तो गम्भीर विषय थाहा भएर पनि जोगाउने खेलमा राजनीति भए सवैभन्दा ठूलो क्षति वर्तमान व्यवस्थाप्रति हुनेछ । यसको असर सींगो समाजसँगै स्वयम् वर्तमान दलहरूले भोग्नुपर्नेछ । जोकोही जतिसुकै शक्तिशाली किन नहुन्, भष्टाचारी जोगाउँदा व्यवस्था कहिल्यै बलियो हुन्न ।

## सामाजिक सञ्जाल



ललितानिवास प्रकरणमा संसद अवरूद्ध/स्थगित गर्नुसट्टा यो सहित यति / एनसेल/वाइडबडी/न्यारोबडी/बुढीगण्डकी लगायत सबै भ्रष्टाचार सम्बन्धी नीतिगत /संस्थागत/कानूनी बिषयमा संसदमा विहंगम छलफल/निर्णय गर्नु उपयुक्त हुन्छ ! मुद्दा ब्यक्तिको नभए/ प्रणाली/प्रकृया/नियतको हो । सभामुख र सरकारको ध्यान जाओस् !

- बाबुराम भट्टराई



ओली सरको चातुर्यको जति तारिफ गरे पनि थोरै हुन्छ । पार्टीभित्र जब कोही 'ट्याउँट्याउँ' गर्छ, ट्याक्क पदको पिन्जरामा कैद गरेर ओली सर त्यसको मुख थुन्छन् ,त्यसको छवि धमिल्याउँछन् र विश्वसनीयता ध्वस्त पार्छन् । घनश्याम भूषाललाई सजिलै लक्ख्याए, भीम रावललाई मुन्टो टेकाए । सकियो त !

– खगेन्द्र संग्रौला




निर्णय गर्ने प्र म माधब कु नेपाल लाई माफी, जग्गाको लालपुर्जा लिने मन्त्रीलाई सम्मान, मुद्दा बिजय गच्छदार लाई, यो देश कानुनी राज्यको देश, सबैले सरकारको जय भनौं ।

– रामहरि खतिवडा



विजय गच्छदार गलत भए अदालतले कारबाही गर्ला( गरोस्, यसमा कुनै कमेन्ट छैन तर उही निर्णयमा प्रधानमन्त्रीका रूपमा बाहुली दस्तखत बक्स हुने माधवकुमार र सोही जग्गाको पुर्जा सिरानीमा राखेर लट्ठ परेका सुकुम्बासी विष्णु पौडेललाई अख्तियारले नदेख्ने ??

– गोविन्द दाहाल



दुइ चोर मिले, एउटाले टर्च देखायो अर्काले घरको ताला फोड्यो सामान ओसार्यो ! छानविन गर्ने आए, टर्च देखाउनेलाइ समाए! 'ताला फुटाउने अग्लो रै'छ कठालोसम्म हात पुगेन' भनेर छाडिदियो ! यो कस्तो प्राकृतिक न्यायको सिद्धान्त भयो? विद्वान अधिवक्ता कोहि भए बुझाइ पाउँ ।

– कार्कीजी

# नेकपाको बाटो अब कता ?

**प्रधानमन्त्री कृषि कार्यक्रम र प्रधानमन्त्री स्वरोजगार कार्यक्रममा जुन भ्रष्टाचार र अनियमितता भएको छ, यो ब्रह्मलुट हेर्दा नेकपा अर्को चुनावको तयारीमा लागेको देखिन्छ ।**



■ होमनाथ दाहाल




> **यो सरकार गठन भएको दुई वर्षभित्रमा भ्रष्टाचार र अनियमितता नियन्त्रण गर्ने यावत् मानक अतिक्रमित भएका छन् । ठूला आयोजना समयमा पूरा नगर्ने ठेकेदारलाई कारबाही गर्न सार्वजनिक खरिद नियमावलीमा सरकारले संशोधन गर्‍यो, संशोधनको मसी सुक्न नपाउँदै ठेकेदारहरूले विरोध गरे ।**

संसदमा झन्डै दुईतिहाइ बहुमतमा रहेको नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को सरकारको दुई वर्षको कामकारबाही हेर्दा हरेक सचेत नागरिकको मनमा प्रश्न उठेको छ अब नेकपा कता ? नेकपाले एउटा बाटो अँगालेको छ मुलुकको ऐन, कानुन, मर्यादा र प्रचलित परम्परालाई तिलाञ्जली दिएर राष्ट्रको सम्पत्ति दोहन गरेर भ्रष्टाचार गर्ने, सायद राज्यको यस्तै व्यवहार देखेका हाम्रा पुर्खाले भनेको हुन सक्छ, 'उल्काको धन फुपूको श्राद्ध' कामरेडहरूको यस्तो व्यवहार हेरेर बस्न बाध्य छन् सर्वसाधारण । केन्द्रीय संसददेखि तल्लो तहसम्म उनीहरूको बहुमत छ अझ कतिपय प्रदेश र स्थानीय तहमा दुईतिहाइ बहुमत छ । संसदमा प्रतिपक्ष कमजोर छ र आफैंभित्र झगडा गरेर बसेको छ। यसले सत्ताधारी दललाई मनपरी गर्न प्रोत्साहन मिलेको छ ।

राणाशासन परिवारको भरणपोषण गर्न स्थापना भएको शासन थियो। आधुनिक शासन व्यवस्थामा गणना गर्न त्यसलाई मिल्दैन ०७ सालपछि नेपालमा जेजस्ता शासन व्यवस्था चले ती सबै व्यवस्थाले गर्न नसकेको वा नचाहेको भ्रष्टाचार आफूलाई जनपक्षीय दाबी गर्ने वर्तमान नेकपाको सरकारले दुई वर्षमा गरेको छ । यस्तो भनाइ कतिपयलाई अतिरञ्जित र पूर्वाग्रही लाग्न सक्छ तर घटित तथ्यगत काण्डहरू हर्ने हो भने कुनै पूर्वाग्रहले लगाएको आरोप भन्न मिल्दैन ।

राजा वीरेन्द्रको हत्यापछि उनी र उनको परिवारका नाममा रहेको सम्पत्ति रेखदेख गर्न र त्यसलाई सार्वजनिक हितमा प्रयोग गर्न सरकारले नेपाल ट्रस्ट बनायो। नेपाल ट्रस्टअन्तर्गतको सम्पत्ति गोकर्ण रिसोर्ट हो त्यो ट्रस्टअन्तर्गतको जमिन सत्ताधारी दलसँग नजिक रहेको परिवारका नाममा जसरी दिइयो, मन्त्रिपरिषद्को त्यो निर्णय कुनै राजा(महाराजाले गर्ने हुकुमी निर्णयलाई समेत माथ गर्छ । गोकर्ण रिसोर्ट जसले चलाएको छ, उससँगको सम्झौताको अवधि ६ वर्ष बाँकी छँदै उसको म्याद थपियो, म्याद थप गर्न ऐन संशोधन गर्नुका साथै ट्रस्ट सञ्चालक समिति पुनर्गठन गरियो। ट्रस्टको अध्यक्षमा रहेका आफ्नै दलका गृहमन्त्री हटाएर रक्षामन्त्री अध्यक्ष भए । ट्रस्टका सञ्चालकहरू सरकारभन्दा बाहिरका व्यक्ति थिएनन् । ती थिए नेपाल सरकारका सचिव तिनलाई हटाएर आफ्ना आज्ञापालकलाई ट्रस्टको सञ्चालक समितिमा राखियो। यस्तो निर्णय निरंकुश भनिएको पञ्चायत व्यवस्थाको ३० बर्से कार्यकालमा पनि गरिएको थिएन । गोकर्ण रिसोर्टसँग सम्बन्धित व्यक्तिहरूलाई नै नारायणहिटी दरबारको दक्षिण ढोकाअगाडिको जग्गा दिइएको छ त्यहाँ विशाल भवन बन्दै छ, खबर त यहाँसम्म आएको छ कि त्यसलाई अहिलेसम्म खण्डन नगरिएको हुँदा सत्य नै मानिनुपर्छ गोकर्ण रिसोर्ट सञ्चालकहरूले नारायणहिटी दरबारभित्रको लमजुङ बैठकमा रेस्टुराँ सञ्चालन गरेर बाह्य पर्यटकलाई आकर्षण गर्ने । यो खबर पत्रपत्रिकामा धेरै आएको हुँदा अहिले निर्णय नै भइनसके पनि राजपरिवारका नाममा रहेको पोखराको रत्न मन्दिर, नारायणगढको दियालो बंगला राजा र उनको परिवारका नाममा रहेका अन्य चलअचल सम्पत्ति कौडीको भाउमा आफ्ना आसेपासेलाई दिने निर्णय सरकारबाट भइसकेको छ ।

गोकर्ण रिसोर्ट त ठूला घरानाका व्यापारीको स्वार्थका कुरा भयो त्यतिले नपुगेर कार्यकर्ता पोषण, जिल्ला र स्थानीय तहमा व्यापक आर्थिक सहायताको दुरुपयोग भएको छ । प्रधानमन्त्री कृषि कार्यक्रम र प्रधानमन्त्री स्वरोजगार कार्यक्रममा जुन भ्रष्टाचार र अनियमितता भएको छ, यो ब्रह्मलुट हेर्दा नेकपा अर्को चुनावको तयारीमा लागेको देखिन्छ । गाउँस्तरका कार्यकर्ता यसरी पोसेपछि प्रतिपक्षप्रति आक्रामक हुन्छन् र चुनाव जित्न सजिलो हुन्छ । यसै पनि गाउँ, जिल्लामा विकृति मौलाउनमा संसद् विकास कोष नै पर्याप्त थियो अहिले त प्रदेश प्रतिनिधि पनि थपिएका छन् आफ्ना कार्यकर्तालाई पैसा बाँड्न, केन्द्रीय र प्रदेशसभाका प्रतिनिधिले विकासको नाममा कार्यकर्तालाई पैसा बाँड्छन् भने तिनै जनताले चुनेका स्थानीय तहका प्रतिनिधि पनि के कम उनीहरू पनि राष्ट्रिय सम्पत्ति दुरुपयोग गर्नमा लागेका छन् । महालेखा परीक्षक कार्यालय भन्छ कतिपय स्थानीय तहले बजेट नै पारित नगरी खर्च गर्ने गरेका छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको गुनासो छ । पहिले मालपोत कार्यालय र यातायात कार्यालयका अनियमितताको उजुरी बढी पर्थ्यो, अहिले तिनलाई स्थानीय तहले जितेको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले राष्ट्रपतिसमक्ष प्रस्तुत गरेको २०७५/०७६ को प्रतिवेदनमा भनिएको छ, 'स्थानीय तहको भ्रष्टाचार अराजक ढंगले वृद्धि हुँदै गएको छ ।' अख्तियारमा स्थानीय तहमा भएका भ्रष्टाचारका उजुरी बढी छन् ।

राष्ट्रिय गौरवका आयोजनाको ६ महिनाको खर्च पाँच प्रतिशतभन्दा माथि देखिएको छैन, योजना आयोगको मूल्यांकन छ। बाँकी रकम आर्थिक वर्षको अन्तिममा बजेट सक्ने उद्देश्यले खर्च हुने गरेको छ । विगत केही वर्षदेखि आयोजना निर्माणमा बहुवर्षीय ठेक्का लगाउने गरिएको छ । त्यस्ता बहुवर्षीय योजना तोकिएको समयमा पूरा गर्ने अपवादमा एकाध मात्र छन् नत्र तिनले ठेक्का अवधिमा आयोजना पूरा गरेका हुँदैनन् । अधिकांशका ठूला आयोजनाको म्याद एकपटक दुईपटक मात्र होइन, पटकपटक थपिने गरेको छ यसमा ठेकेदार, राजनीतिक तह, प्राविधिक र प्रशासनको स्वार्थ मिल्ने गर्छ र यस्ता अनियमितताका अर्बौं अर्बका आयोजनाको छानबिन गर्ने काम अख्तियारबाट हुँदैन 'तै चुप मै चुप भाग शान्तिमा जय नेपाल' मा कुरा टुंगिन्छ ।

वर्तमान सरकार गठन भएपछि भएका अनियमितता र भ्रष्टाचारका काण्डलाई माथ गर्ने गरी एउटा भ्रष्टाचारको आरोप सार्वजनिक भएपछि प्रत्येक विवेकशील मानिस तरंगित भएका छन्। बी एन्ड सी मेडिकल कलेज विस्तार गर्न अनुमतिका निम्ति मेडिकल काउन्सिलका उपाध्यक्षसँग अनुरोध गर्दा २० करोड मागेको र यो रकम नेकपाका प्रवक्ता नारायणकाजी श्रेष्ठ र शिक्षामन्त्री गिरिराजमणि पोखरेललाई दिन, २० करोड दिन तत्काल नसक्ने भए सो रकमबराबरको सेयर आफ्नो नातेदारका नाममा पास गर्न मागेको सनसनीपूर्ण खबर सार्वजनिक भयो। यो आरोप कुनै 'ऐरे, गैरे, नथु खैरे' ले लगाएको होइन, दुईवटा कम्युनिस्ट पार्टी नेकपा एमाले र नेकपा माओवादीलाई एक गर्ने रसायनयुक्त मार्सी चामलको भात खुवाउने शुभचिन्तकले लगाएको आरोप हो । यो आरोपको प्रतिवाद न नेकपा प्रवक्ताले, न त मन्त्रीले नै गरेका छन् । उहाँहरूको मौनतामा 'मौनम संमति लक्षणम्' देखिएको छ । गरिब निमुखा जनताका हितमा काम गर्ने कम्युनिस्ट पार्टीले चुनावमा जनतासमक्ष गरेको प्रतिबद्धता सिरानमा राखेर सुत्न कम्युनिस्टलाई मत दिने मतदाता यतिबेला बाध्य छन् ।

यो सरकार गठन भएको दुई वर्षभित्रमा भ्रष्टाचार र अनियमितता नियन्त्रण गर्ने यावत् मानक अतिक्रमित भएका छन् । ठूला आयोजना समयमा पूरा नगर्ने ठेकेदारलाई कारबाही गर्न सार्वजनिक खरिद नियमावलीमा सरकारले संशोधन गर्‍यो, संशोधनको मसी सुक्न नपाउँदै ठेकेदारहरूले विरोध गरे । सरकारले त्यसलाई फिर्ता लियो। यो क्रम तीनचारपटक चल्यो। अन्तिममा ठेकेदारहरूलाई कानुनी सल्लाह दिने व्यक्तिलाई प्रधानमन्त्रीको सल्लाहकार समूहमा राखेर निजले तयार गरेको नियमावली मन्त्रिपरिषद्ले पारित गर्‍यो र त्यसैअनुसार ठेकेदारले काम गर्न थालेका छन् ।

भ्रष्टाचार र अव्यवस्थाका रोमहर्ष घटना आर्थिक क्षेत्रसँग मात्र छैन, यो दुई वर्षमा राज्यका सबै अंगप्रत्यंग क्षतविक्षत् भएका छन् । त्यस्तो क्षतविक्षत् भएको एउटा अंग हो मुलुकमा उच्च शिक्षा प्रदान गर्ने र विविध विषयका वैज्ञानिक उत्पादन गर्ने विश्व विद्यालयहरूको दुर्दशा । नेतृत्व नै नभएपछि क्याम्पसहरूमा पठनपाठन ठप्प छ । त्यसको पछिल्लो उदाहरण हो( नेपाल ल क्याम्पस। विद्यार्थी भर्नाका सम्बन्धमा क्याम्पस प्रशासन र विद्यार्थीहरू बीच कुरा नमिल्दा विद्यार्थीले क्याम्पसमा ताला लगाइदिएका छन् । क्याम्पस प्रशासनको भनाइ छ( विद्यार्थीहरूले भनेजति भर्ना गर्दा क्याम्पसको भौतिक सुविधा र अध्यापन गराउने प्राध्यापकको कमीले गुणस्तरीय शिक्षा दिन सकिँदैन । विद्यार्थीहरूको आरोप छ (क्याम्पसमा पढाउने प्राध्यापकहरूको लगानीको खुलेका निजी क्याम्पसहरूको स्वार्थपूर्ति गर्न क्षमता भएर पनि विद्यार्थी भर्ना नगरी निजी क्षेत्रमा जान बाध्य पार्ने रणनीतिअन्तर्गतको खेल हो नत्र भने गत वर्ष पनि विद्यार्थी भर्ना भएका थिए त्यही संख्यामा विद्यार्थी किन भर्ना नलिने ? यो आरोप र प्रत्यारोपमा सत्य के हो? छानबिन गरेर निर्णय दिने तदारुकता वर्तमान सरकारले देखाएको नै छैन ।

यसैगरी वर्षौंदेखि चलेका अन्य विश्वविद्यालयमा उपकुलपति नभएको महिनौं भइसक्यो । विद्यार्थीहरूको पढाइ लथालिंग छ, समयमा परीक्षा हुन सकेको छैन । हजारौं विद्यार्थीको भविष्य नै अन्धकार हुन थालेको छ । समयमा पढाइ सिध्याएर विदेशमा गएर विशेषज्ञतासहितको उच्च शिक्षा हासिल गर्न चाहने विद्यार्थीको भविष्यप्रति नै प्रतिकूल असर पर्न थालेको छ । भइरहेका विश्वविद्यालयहरूको यो हालत छ भने मन्त्रीहरू आ आफ्नो मन्त्रालयमातहत नयाँ विश्वविद्यालय स्थापना गर्न लागेका समाचार आएको छ । पर्यटन नेपालका लागि महत्वपूर्ण क्षेत्र भएकाले पर्यटन मन्त्रालयअन्तर्गत नयाँ विश्वविद्यालय स्थापना गर्ने पर्यटनमन्त्रीको योजनामा प्रधानमन्त्री सहमत नदेखिएकाले त्यो अघि बढ्न नसकेको समाचार प्रसारण भएको छ र योसँगै द्वन्द्वग्रस्त विभिन्न मुलुकहरूमा शान्ति स्थापना गरेर नेपालको सम्मान बढाउन नेपाली सेनाले जुन विशिष्ट योगदान पुर्‍याएको छ, त्यसलाई मध्यनजर गरेर रक्षा मन्त्रालयअन्तर्गत शान्ति विश्वविद्यालय खोल्ने रक्षामन्त्रीले अग्रसरता देखाएका छन् । यो सब विसंगति हेर्दा त्यसै नेपाललाई 'काशी कश्मीर अजब नेपाल' भनेको होइन रहेछ भन्ने लाग्छ ।

अनियमितताका पोकाहरू अरू पनि धेरै छन् । नेपाल मेडिकल काउन्सिलले तोकेभन्दा धेरै बढी शुल्क निजी क्षेत्रका मेडिकल कलेजले लिएको विषयलाई लिएर विद्यार्थी अभिभावकसमेतले महिनौं आन्दोलन गरे मंसिर (पुसको जाडोमा काठमाडौं आएर विद्यार्थीले सडकमा धर्ना दिए महिनौं दिनको संघर्षपछि बढी लिएको शुल्क फिर्ता गर्न मेडिकल कलेज सञ्चालक र विद्यार्थीहरू सहमत भए। यसमा सरकार साक्षी बसेपछि विद्यार्थीले आन्दोलन फिर्ता लिए तर अहिलेसम्म सञ्चालकहरूले विद्यार्थीको पैसा फिर्ता गरेका छैनन् । आफू साक्षी बसेर गरेको सहमति कार्यान्वयन नगर्ने सञ्चालकलाई कारबाही गर्ने नैतिक साहस सरकारले गरेको छैन, मेडिकल माफियाहरूका अघि सरकार लाचार देखिएको छ ।

चिनी मिलहरूले लिएको उखुको मूल्य किसानले नपाएपछि विरोध गर्दै तराईका किसान पुसको ठण्डीमा काठमाडौं आएर धर्ना दिएको कैयन् दिनपछि सरकार र चिनी मिल मालिकले पैसा दिने भने तर अहिलेसम्म किसानले पूर्ण मूल्य पाएका छैनन् । ती किसानको प्रश्न छ (यो सरकार कसको ? पुँजीपति, शोषक सामन्तको कि कम्युनिस्टहरूले बेलाबेलामा भन्ने गरेको गरिब किसान मजदुरको ? प्रश्न अनुत्तरित छ तर गम्भीर छ ।

नेकपाको सरकार हिँडेको एउटा यो बाटो हो भने उसले अहिले तय गरेको अर्कै । सरकारका आलोचक पत्रपत्रिका, देशका बुद्धिजीवी र सर्वसाधारण जनतालाई आतंकित पार्न सरकारले संसदमा विधेयकहरू दर्ता गरेको छ ( कतिपय प्रतिगामी विधेयक विषयगत समितिले पारित गरिसकेको छ । सरकारले पेस गरेका विधेयकहरूमध्ये सूचना प्रविधि विधेयकको सर्वत्र आलोचना भएको छ । पत्रपत्रिका तथा सामाजिक सञ्जालमा लेखेका भरमा १५ लाख जरिबाना र पाँच वर्ष कैद त्यो पनि सरकारले गठन गर्ने अर्धन्यायिक निकायले गर्ने, यो प्रावधान सीधै संविधानविपरीत छ । यसैगरी मिडिया काउन्सिल विधेयक र नेपाल विशेष सेवा ऐन सरकारले ल्याएको छ । संसदमा सरकारको बहुमत छ । यी विधेयक पारित भए भने नेपाली नागरिकको स्वतन्त्र अभिव्यक्ति कुण्ठित हुनेछ । कम्युनिस्टहरूसहित संलग्न भएर पञ्चायतकालदेखि प्रेस र अभिव्यक्ति स्वतन्त्रताका निम्ति गरेको जनताको आन्दोलनमा पूर्णविराम लाग्नेछ ।

विश्व कम्युनिस्ट इतिहास हेर्दा प्रेस र अभिव्यक्ति स्वतन्त्रता सबभन्दा ठूलो शत्रु हो कम्युनिस्ट शासनका लागि। लेनिनदेखि पोलपोटसम्मले स्वतन्त्र प्रेसलाई शत्रु देखे । यी त एक दलीय सर्वसत्तावादका शासक भए तर बहुदलीय प्रतिस्पर्धा गरेर ३४ वर्षसम्म शासन गर्ने छिमेकी देश भारतको बंगालमा किन यतिबेला कम्युनिस्टको पतन भयो ? नेकपाले हेरेको देखिएन । अहिले भारतको केन्द्रीय संसददेखि प्रदेशहरूमा भइरहेको चुनावमा कहीँ पनि कम्युनिस्टले जितेका छैनन् । के नेकपा पनि त्यही बाटोमा हिँडेको हो ? यसरी दुइवटा डुंगामा खुट्टा राखेर नेकपा हिँडेको छ दुर्घटना पक्का छ- कहिले र कसरी दुर्घटना हुने हो त्यो भने हेर्न बाँकी छ ।

### लेखक तथा पाठकवर्गमा अनुरोध

**तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।**

**मध्यान्ह राष्ट्रिय दैनिक**
इमेलः article.madhyanhadaily@gmail.com

# ट्रम्प महाअभियोगबाट मुक्त



**वासिङटन/एजेन्सी–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प महाभियोग प्रक्रियाबाट मुक्त भएका छन् । अमेरिकाको माथिल्लो सदन सिनेटमा बुधबार भएको मतदानपछि राष्ट्रपति ट्रम्पले महाअभियोगबाट मुक्ति पाएका हुन् ।

आफ्नो राजनीतिक स्वार्थका लागि विदेशी शक्तिमाथि आफ्ना सम्भावित चुनावी प्रत्यासी जोन बाइडेनविरुद्ध भ्रष्टाचारको छानबिन गर्न दिएको आरोपमा ट्रम्पमाथि महाअभियोगको प्रत्रिया अगाडि बढेको थियो। राष्ट्रपति ट्रम्पविरुद्धको महाभियोग प्रस्ताव तल्लो सदन ' हाउस अफ् रेप्रिजेन्टेटिभ्स'बाट भने पारित भएको थियो । हाउस अफ रेप्रिजेन्टेटिभ्सबाट अर्थात तल्लो सदनबाट महाभियोग प्रक्रियाको सामना गर्ने ट्रम्प तेस्रो अमेरिकी राष्ट्रपति भएका अमेरिकी सञ्चारमाध्यम बताउँछन् ।

महाअभियोग प्रस्तावमा ट्रम्पले शक्तिको दुरुपयोग गरेका भन्ने पक्षमा ४८ मत परेको थियो तर विपक्षमा ५२ मत परेको थियो । त्यस्तै अमेरिकी संसद् अवरुद्ध गरेको आरोपमा पनि पक्षमा ४७ मत र विपक्षमा ५३ मत प्राप्त भएको थियो । एक सय सदस्य रहेको अमेरिकी सिनेटमा रिपब्लिकनको बहुमत रहेको छ ।

अमेरिकी सिनेटमा रिपब्लिकनका ५३, डेमोक्र्याटका ४५ र स्वतन्त्रका दुई सदस्य रहेका छन् । राष्ट्रपति विरुद्धको महाभियोग पारित गर्न कम्तीमा पनि ६७ मतको आवश्यकता पर्छ । महाभियोगको हल्लाविरुद्ध अमेरिकी जीत भएको दाबी राष्ट्रपति ट्रम्पले गरेका छन् ।

नोभेम्बर ३ मा हुन लागेको राष्ट्रपतीय निर्वाचनमार्फत् दोस्रो कार्यकाल ह्वाटहाउसमा आउन खोजिरहेका ट्रम्पले आफूले गतल गरेको कुरालाई अस्वीकार गर्दै आएका छन् । ट्रम्पको चुनावी अभियानले एक वक्तव्यमा भनेको छ- 'राष्ट्रपति ट्रम्प पूर्ण रूपबाट दोषमुक्त भएका छन् र यो अब अमेरिकी नागरिकको काममा फर्कने समय हो । केही नगर्ने डेमोक्र्याटहरूलाई थाहा छ कि उनीहरूले ट्रम्पलाई उछिन्न सक्दैनन् त्यसैले उनीहरूले महाभियोग लगाएका थिए ।'

माथिल्लो सदनमा महाभियोग पारित हुन दुई तिहाई मत आवश्यक पर्थ्यो। तर संसद्को तल्लो सदनकी डेमोक्र्याटिक सभामुख न्यान्सी पेलोसीले भने ट्रम्प अझै अमेरिकी प्रजातन्त्रको लागि खतरा रहेको भन्दै सिनेटका रिपब्लिकनहरूले कानूनहीनतालाई सामान्यीकरण गरेको प्रतिक्रिया दिएकी छन् ।

## टर्कीमा विमान दुर्घटना

# ३ जनाको मृत्यु, १७९ जना घाइते

**इस्तानबुल/एजेन्सी–** टर्कीमा विमान दुर्घटनाग्रस्त हुँदा तीन जनाको मृत्यु भएको छ । अवतरणको क्रममा दुर्घटनाग्रस्त भएपछि १७९ जना घाइते भएका छन् । टर्कीको इज्मिर प्रान्तको साबिहा गोक्सेन विमानस्थलमा अवतरणको क्रममा विमान धावनमार्गबाट बाहिर जाँदा दुर्घटना भएको हो । पेगासस एयरलाइन्सको १७७ यात्रु र ६ जना चालक दलका सदस्य सवार विमान बिहीबार इस्तानबुलको सबिहा गोसेन विमानस्थलमा ल्यान्ड गर्ने क्रममा चिप्लिदाँ दुर्घटना भएको हो ।

तीव्र बेगको हावा र वर्षा हुँदा ७३७ बोइङ विमान ल्यान्ड गर्ने क्रममा रनवेबाट चिप्लिन पुग्यो । दुर्घटनापछि विमानस्थल बन्द गरिएको थियो र सम्पूर्ण उडानहरु डाइभर्ट गरिएका थिए । विमानमा सवार अधिकांश यात्रु टर्किस भएको स्थानीय सञ्चारमाध्यमले जनाएका छन् । जसमा २२ जना विभिन्न १२ मुलुकमा नागरिक भएको बताइएको छ ।

इस्तानबुलका गर्भनर अलि यर्लिकायाले भने, 'खराब मौसमका कारण पेगासस एयरलाइन्सको विमान सहीरुपमा ल्यान्ड हुन सकेन र दुर्भाग्बस रनवेबाट ५०(६० मिटर टाढासम्म चिप्लियो ।'


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७३/०१/२३ मा दर्ता भएको **प्रा.लि. नं. १४८८४१** को **परफेक्ट क्लिनिक एण्ड मेडिकल सेन्टर प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्न बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७५/०४/२२ मा दर्ता भएको **प्रा.लि. नं. १९५२७०** को **ग्राण्ड नेपाल एग्रो स्टेट प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्न बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

तेस्रो पटक प्रकाशित मिति २०७६/१०/२४

यस कम्पनीको मिति २०७६/०८/२१ मा सम्पन्न बार्षिक/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **त्रिमूर्ति सह-शिक्षा विद्यालय प्रा.लि. (प्रा.लि.नं. २१०७५)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७६/१०/०७ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **त्रिमूर्ति एकेडेमी प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।



**मलेसियामा रोजगारको अवसर** | कम्पनी : BOLD DISENO SDN BHD, शहर: PATALING

पूर्व स्वीकृत मितिः २०७६/१०/२३ चलानी नं.: ६०१५१३०३ L.T. No.: 232594

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 7 | 0 | स. काममा दक्ष | 1200 | ३३,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन २ गते (14 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– रोजगार दाताले | रु. १,५००/– रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**ईभ नेपाल ओभरसिज प्रा.लि.**
श्रम ईजाजत नं. १०१३/०६८/६९
शान्तिनगर, काठमाडौं, फोन नं. ४१०७५२०, ४६२२४२६, फ्याक्स:: ४६२२४३६



**साउदी र कतारमा रोजगार** | १. कम्पनी: HORIZONS OF ARABIAN EAST BASED, शहर: SAUDI

पूर्व स्वीकृत मितिः २०७६/१०/२३ चलानी नं.: ६०१५१३२६ L.T. No.: 232709

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Workers | 3 | 0 | स. काममा दक्ष | 1000 | ३०,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: SENDANA CONT.CO.LTD. शहर: SAUDI

पूर्व स्वीकृत मितिः २०७६/१०/२३ चलानी नं.: ६०१५१३२१ L.T. No.: 232710

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 8 | 0 | स. काममा दक्ष | 1000 | ३०,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी: SARJ CONTRACTING & TRADING WLL शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७६/१०/२३ चलानी नं.: ६०१५१३२७ L.T. No.: 231737

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1700 | ५३,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Mason | 3 | 0 | | 1100 | ३४,३३० | | | | | | | |
| 3. | Tile Maker | 1 | 0 | | 1100 | ३४,३३० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन २ गते (14 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**गोर्खा नेपाल प्लेसमेन्ट सर्भिसेज प्रा. लि.**
श्रम इजाजत नं. ९२५/०६७/०६८
बसुन्धारा-९, धापासी, फोनः ४३८०७७८, ४३८०८७९, फ्याक्सः ४३६६३५८
Email: gnps925@gmail.com/URL: www.gnpsnepal.com



**Saudi मा रोजगार** | कम्पनी : LASAS FOR MAINTENANCE AND CLEANING EST, शहर: SAUDI

पूर्व स्वीकृत मिति: २०७६/१०/२३ चलानी नं.: ६०१५१२९२ LT. No.: 232030

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 7 | 0 | स. काममा दक्ष | 1500 | ४५,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा फागुन २ गते (14 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | रु. १०,०००/– कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Liberty H.R. Consultant Pvt. Ltd.**
श्रम इजाजत पत्र नं.: ९२२/०६७/०६८
Mahalaxmisthan-15, lalitpur, Nepal, Tel.: 5555945, 5555695
Email- info@libertyhrconsultant.com, Web.: www.libertyhrconsultant.com



**Saudi मा रोजगार** BUILT CONTRACTING CO.

पूर्व स्वीकृती मितिः २०७६/१०/८ चलानी नं. ६०१५०३५१ LT No. : 231338

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Construction Labor | 7 | साधारण | 1200 | ३६,४८०।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | नि:शुल्क | नि:शुल्क | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | रु.१०,०००/- |

अन्तरवार्ता २०७६ फाल्गुण २ गते (14 Feb) यस प्रा. लि. को कार्यालय चाकुपाट, ललितपुरमा हुनेछ ।

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

**न्यू वर्ल्ड ओभरसिज सर्भिस प्रा. लि.**
श्रम ईजाजत न.: ११३/०५५/०५६
चाकुपाट, ललितपुर, फोनः ५२६०३२६, ९८०२०९६६४१, ९८५१००७१८२२, ९८०१२३२४०६, ९८०१२३२४१०, ९८०१२३२४०५, ९८०१२३२४०७, ९८०१२३२४०४, ९८०१०८२२०४, ९८५११००३६८



**साउदीमा रोजगारको अवसर** | कम्पनी: PERFECT FOOD TRADING EST., शहर: ALKHABOR

पूर्व स्वीकृत मितिः २०७६/१०/२२ चलानी नं.: ६०१५१२६९ L.T. No.: 232370

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ४५,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Sweets Maker | 2 | 0 | | 1500 | ४५,४३५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन २ गते (14 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**कसमस नेपाल ह्यूम्यान रिसोर्स प्रा. लि.**
श्रम ईजाजत नं.: ७३३/०६४/०६५
महाराजगञ्ज, चक्रपथ, काठमाडौं, फोनः ०१-४७२०६०७, ४७२०६०९



**Saudi मा रोजगार** | कम्पनी: AL JOUF HEALTHY WATER BOTTLING COMPANY, शहर : RIYADH

पूर्व स्वीकृत मितिः २०७६/०९/०२ पून स्वीकृत मितिः २०७६/१०/२३ चलानी नं.: ६०१४८६१८ पून चलानी नं.: ७६३ LT. No.: 228964

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Public Vehicle Driver | 5 | 0 | स. काममा दक्ष | 1500 | ४५,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
